# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ८ | संख्याः ९ | मितिः २०८१।१२।२८ |

## भाग-२

## उपाध्यक्षसँग लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

सुनिलस्मृति गाउँपालिकामा भित्रका महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि गरी सामाजिक तथा आर्थिक रुपमा सवल र सक्षम बनाउने सम्वन्धी कार्यक्रमहरूलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्नको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा

१०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "उपाध्यक्षसँग लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यालय" भन्नाले सुनिलस्मृति गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

ख. "कार्यपालिका" भन्नाले सुनिलस्मृति गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

ग. "गाउँसभा" भन्नाले सुनिलस्मृति गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ।

घ. "अध्यक्ष" भन्नाले सुनिलस्मृति गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ङ. "उपाध्यक्ष" भन्नाले सुनिलस्मृति गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

च. "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनुपर्दछ।

**३. कार्यक्रमको उद्देश्यः-**

क. सुनिलस्मृति गाउँपालिका भित्र रहेका महिलाहरूको क्षमता अभिवृद्धि गर्दै आर्थिक रुपमा सबल र सक्षम बनाउन उद्यमशीलताको विकास गर्ने ।

ख. लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति तथा परम्परागत हानीकारक अभ्यासहरू अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने ।

ग. बालबालिकाको अधिकारको प्रत्याभूती गराउँदै शिक्षा, स्वास्थ्य, पोषण सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने ।

**४. कार्यक्रमको क्षेत्रः-** उपाध्यक्षसँग लक्षित कार्यक्रमले देहायका क्षेत्रहरू भित्र रही कार्यक्रमहरू सञ्चालन गरिनेछ।

क. शैक्षिक तथा खेलकुद कार्यक्रम

ख. क्षमता विकास कार्यक्रम

ग. रोजगारमूलक कार्यक्रम

घ. राहत तथा पुनर्स्थापना कार्यक्रम

ङ. सचेतनामूलक कार्यक्रम

च. अभियानमूलक कार्यक्रम

छ. स्वास्थ्य तथा पोषणजन्य कार्यक्रम

**५. सञ्चालक समिति सम्वन्धी व्यवस्थाः-** सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन्ः

| | | | |
|---|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष | - | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| ३. | सामाजिक विकास समिति संयोजक | - | सदस्य |
| ४. | कार्यपालिका महिला सदस्य | - | सदस्य |
| ५. | योजना शाखा प्रमुख | - | सदस्य |
| ६. | स्वास्थ्य शाखा प्रमुख | - | सदस्य |
| ७. | शिक्षा शाखा प्रमुख | - | सदस्य |
| ८. | महिला तथा बालबालिका शाखा प्रमुख | - | सदस्य |
| ९. | कार्यक्रम सञ्चालन गर्ने सम्वन्धित शाखा प्रमुख | - | सदस्य-सचिव |

माथि जुनसुकै कुरा लेखिएको भएतापनि विभिन्न विषयमा आवश्यक छलफल गर्न आवश्यकता अनुसार सम्वन्धित विषयसँग सम्वन्धित विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ।

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः-**

क. बजेट तथा कार्यक्रम तर्जुमा गर्न कार्यपालिकालाई सुझाव प्रदान गर्ने ।

ख. स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

ग. सीप, उद्यम विकास, रोजगारमूलक तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी सही सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने/गराउने।

घ. लैङ्गिक विभेद, लैङ्गिक हिंसा, बाल विवाह, बहुविवाह तथा परम्परागत हानीकारक अभ्यासहरू अन्त्यका लागि सामाजिक रुपान्तरण अभियान सञ्चालन गर्ने/गराउने।

ङ. शिक्षा, स्वास्थ्य तथा पोषण सम्वन्धी कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने।

च. महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता भएका व्यक्तिको क्षमता विकास गर्ने/गराउने।

छ. बालमैत्री, पोषणमैत्री, युवामैत्री, लैङ्गिकमैत्री, अपाङ्गता मैत्री, तथा ज्येष्ठ नागरिकमैत्री कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने।

ज. कार्यक्रमको उद्देश्य अनुरुप कार्य गर्ने/गराउने।

**७. समितिको बैठक सम्वन्धी व्यवस्थाः-** समितिको बैठक सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क. समितिको बैठक कम्तिमा वर्षको ३ पटक वा आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

ख. कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरूको उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

ग. बैठक सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. कार्यान्वयन प्रकृया तथा छनौट प्रकृया :-**

(१)उपाध्यक्षसँग लक्षित कार्यक्रम अन्तर्गका कार्यक्रम कार्यान्वयन गाउँपालिकाको वार्षिक बजेटबाट दफा ४ को कार्यक्रम क्षेत्र भित्र रही प्रचलित नियमको आधारमा सञ्चालक समितिको निर्णयानुसार सञ्चालन गर्नुपर्नेछ ।

(२) यस कार्यक्रमका लागि सहभागी छनौट गर्दा वडा कार्यालयबाट सिफारिस भई आएका देहायकालाई प्राथमिकता दिइनेछ ।

क. विपन्न, दलित, जनजाति, एकल तथा विधवा महिलाहरू,

ख. सीप विकासको तालिम लिएर पनि आर्थिक अभावका कारण व्यवसायिक बन्न नसकेका १८ देखि ६० वर्ष भित्रका महिलाहरू,

ग. सरकारी तथा गैह्र सरकारी निकायबाट एक वर्षभित्र सोही प्रकृतिको अनुदान नपाएका व्यक्तिहरू,

घ. महिला समूह, आमा समूह, टोल विकास संस्था, महिला विकास समिति जस्ता समूह समितिमा सक्रिय भएको,

ङ. गर्भवती, सुनौलो हजार दिन भित्रका आमाहरू, बालबालिका,

किशोर किशोरी, अपाङ्गता भएका
व्यक्ति तथा ज्येष्ठ नागरिकहरू,

९. **कार्यविधि लागुः-** यो कार्यविधि सुनिलस्मृति गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउने व्यवस्थाः-** यस कार्यक्रम कार्यान्वयन सम्वन्धी कुनै वाधा वा द्विविधा परेमा सोको व्याख्या गर्ने, बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

११. **प्रचलित कानुन बमोजिमः-** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. **बचाउः-** यस अघि सञ्चालन गरिएका यससँग सम्वन्धित कार्यक्रम तथा क्रियाकलापहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
**नगेन्द्र प्रसाद रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**